# सम्झना फाइनान्स कम्पनी लिमिटेड, बनेपा, काभ्रेपलाञ्चोकलाई समस्याग्रस्त घोषणा गरिएको बारे नेपाल राष्ट्र बैंकको सूचना

सम्झना फाइनान्स कम्पनी लिमिटेड, बनेपा काभ्रेपलाञ्चोकको २०६६ पौष मसान्तको वित्तीय विवरणको आधारमा यस बैंकबाट गरिएको स्थलगत निरीक्षणबाट (सुपरिवेक्षकीय समायोजन पश्चात्) संस्थाको पुँजीकोष अत्यधिक ऋणात्मक (रु. १३,०१,३५ हजार अर्थात ३५.०४%) रहेको र त्यसबाट पुँजीकोषसंग सम्बद्ध यस बैंकका अन्य निर्देशनहरुको पालना हुन नसक्ने अवस्था रहेको, खराब कर्जाको अनुपात अधिक (कुल कर्जाको ४९.०२ प्रतिशत) रहेको, संस्थाको अधिक कर्जा जोखिमपूर्ण रहेको, आन्तरिक नियन्त्रण प्रणाली एवम् संस्थागत सुशासनको अवस्था अत्यन्त कमजोर रहेको, यस बैंकबाट विगतमा दिएका निर्देशनहरु कार्यान्वयन गर्ने तर्फ गम्भिरता नदेखिएको एवम् कतिपय निर्देशनको उल्लंघन गरेको, संचित नोक्सानी अधिक रही सो बढ्ने क्रममा रहेकोले वित्तीय स्थिति ह्रासोन्मुख रहेको, वित्तीय विवरणले संस्थाको यथार्थ वित्तीय स्थितिको चित्रण गर्न नसकेको, निक्षेपकर्ताको निक्षेप फिर्ता भुक्तानी गर्न नसकेकोले संस्था गम्भिर तरलता संकटबाट गुज्रिरहेको एवम् यस बैंकको निर्देशन अनुरुप लेखाप्रणाली नराखेको लगायतका गम्भिर कैफियतहरु देखिएको सन्दर्भमा संस्थाबाट प्राप्त प्रत्यूतरबाट उपर्युक्त अवस्थामा सुधार हुन सक्ने ठोस एवम् भरपर्दो आधार नदेखिएको र स्पष्टिकरण सन्तोषजनक समेत नभएकोले संस्थालाई यथास्थितिमा संचालन हुन दिंदा सर्वसाधारण निक्षेपकर्ताको निक्षेप एवम् लगानीकर्ताको पुँजी थप जोखिमयुक्त हुने देखिएकोले संस्थालाई नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को उपविनियम (ङ) को खण्ड (आ) एवम् नेपाल राष्ट्र बैंक ऐन,२०५८ को दफा ८६ख बमोजिम समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सोहि ऐनको दफा ८६ग बमोजिम दिइएका देहायका निर्देशनहरु ६ महिना भित्र पूरा गर्न र सो नगरेसम्म थप निक्षेप संकलन गर्न एवम् नवीकरण गर्न, थप सापटी लिन, थप कर्जा तथा जमानत प्रदान गर्न तथा नवीकरण गर्न, थप लगानी गर्न, नयाँ शाखा खोल्न, खरिद वा लिज प्रक्रिया मार्फत थप स्थिर सम्पत्ति प्राप्त गर्न, सञ्चालकको भत्ता तथा सुविधा एवम् कर्मचारीको तलब भत्ता लगायत थप आर्थिक दायित्व पर्ने प्रकृतिका अन्य आर्थिक सुविधा बृद्धि गर्न, नयाँ कर्मचारी भर्ना तथा बढुवा गर्न निर्णयानुसार प्रतिवन्ध लगाइएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निर्देशनहरु :**

१. यस बैंकको निर्देशन बमोजिम पर्याप्त पुँजीकोष कायम गर्न ।
२. खराव कर्जाको अनुपात बढीमा ५ प्रतिशतमा ल्याउन ।
३. सम्पूर्ण गैरबैकिङ्ग सम्पत्ति विक्री गर्न ।
४. बीना धितो तथा असुरक्षित तवरले प्रवाह भएका सम्पूर्ण कर्जाहरु असुल उपर गर्न ।
५. अनियमित तरिकाले कर्जा प्रवाहमा संलग्न पदाधिकारी तथा कर्मचारीहरु उपर छानविन गरी दोषी उपर कारवाही गरी यस बैंकलाई जानकारी गराउन ।
६. यस बैंकको निर्देशन अनुरुपको लेखाप्रणाली कायम गर्न ।
७. बाह्य लेखापरीक्षण अद्यावधिक गराई बार्षिक साधारण सभा सम्पन्न गर्न ।
८. संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली एवम् जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउन ।
९. संस्थापक सम्बद्ध कर्जाहरु असुल उपर गर्न ।
१०. परिपक्व भएका एवम् फिर्ता भुक्तानी गर्नुपर्ने निक्षेप फिर्ता भुक्तानी गर्न ।